नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

NIBL 35TH ANNIVERSARY
निरन्तर सेवामा समर्पित

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

मितिः- २०७८/०९/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, यु एन आई शान्ती मार्ग
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषयः जानकारी गराएको बारे ।

महाशय,

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. को मिति २०७८/०९/११ गते बसेको सञ्चालक समितिको ५५९ औं बैठकको निर्णय अनुसार यस बैकको विशेष साधारण सभा यहि मिति २०७८/१०/०४ गते बिहान ११:०० बजे बैंकको दरबारमार्ग स्थित केन्द्रिय कार्यलयमा हुने जानकारी गराउँदै सोको विशेष सूची सहितको सूचना मिति २०७८/०९/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएको अनुरोध गर्दै सो सूचनाको एक प्रति यसै साथ राखि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

साथै विशेष साधारण सभा प्रयोजनको लागि २०७८/०९/२५ गते एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरीने व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदीय,

दिपक श्रेष्ठ
प्रमुख-कानून विभाग

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री बैंक सुपरीवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, दरबारमार्ग, काठमाण्डौं ।
३. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, शेयर मार्केट कमर्सियल कम्पलेक्स, पुतलीसडक, काठमाण्डौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले
सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडलाई
प्राप्ति (एक्विजिशन) गरेको ।

Truly a Nepali Bank

ICRA NEPAL

The Banker Bank of the Year 2003 Nepal · The Banker Bank of the Year 2005 Nepal · The Banker Bank of the Year 2008 Nepal · The Banker Bank of the Year 2010 Nepal · The Banker Bank of the Year 2016 Nepal

विशेष साधारण सभाको सूचना

यस बैंकको मिति २०७८।०९।११ मा बसेको सञ्चालक समितिको ५५९ औं बैठकको निर्णयअनुसार यस बैंकको विशेष साधारण सभा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको WEBINAR मार्फत उपस्थितिका लागि अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान : (WEBINAR मार्फत सञ्चालन गरिने ।)
मिति: २०७८ साल माघ महिना ०४ गते (१८ जनवरी, २०२२) मंगलबार
समय: बिहान ११:०० बजे ।
स्थान: दरवारमार्ग, काठमाण्डौं स्थित बैंकको केन्द्रिय कार्यालय ।
(Meeting Id र Password उपलब्ध गराइनेछ)

छलफलको विषय

क. विशेष प्रस्ताव

१. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

२. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ता टी.आर उपाध्याय एण्ड कम्पनी (T.R. Udadhaya & Company), चार्टर्ड एकाउन्टेण्टसले तयार गरेको दुवै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर स्वाप रेसियो १ बराबर १ हुने गरी एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

३. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

४. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि दुवै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

५. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्ने र मर्जरसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, मर्जर गर्ने कार्यसँग सम्बन्धित गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् बैंकको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ लगायत सम्बन्धित दफा / नियममा समेत संशोधन गरी बैंकको नाम हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड (Himalayan and Nepal Investment Bank Limited) हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

७. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुवै संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी समेत जोडि जारी पूँजी तथा चुक्ता पूँजी कायम हुने हुँदा सो को लागि मर्जर पश्चात् बन्ने बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने गरी बैंकको प्रबन्धपत्रको दफा ५(क), ५(ख) र (ग) मा संशोधन गरी अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

८. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात बैंकको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व प्रतिशत समेत फेरबदल हुने हुँदा सोहि मुताबिक बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

९. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले दुवै संस्थाको प्रबन्धपत्रमा भएको व्यवस्थाहरुको मिलान गरी आवश्यक व्यवस्था गर्नु पर्ने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा २(१), २(२), ७ (ङ) मा संशोधन गर्ने, दफा ३ (घ) पछि दफा ३ (ङ) तथा (च) थप गर्ने, दफा ११ पछि दफा १२ थप गर्ने र दफा १२ लाई १३ बनाउने विशेष प्रस्ताव पारित गर्ने ।

१०. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले दुवै संस्थाको नियमावलीमा भएको व्यवस्थाहरुको मिलान गरी आवश्यक व्यवस्था गर्नु पर्ने हुँदा यस बैंकको नियमावलीको नियम २, ८ (२) (ग), ८ (४), १३ (२), २०, ३१ मा संशोधन गर्ने र नियम २ पछि नियम २ (१), नियम ४४ पछि ४५ थप गर्ने र नियम ४५ लाई ४६ बनाउने विशेष प्रस्ताव पारित गर्ने ।

११. नेपाल इन्भेष्टमेण्ट बैंक लि.र हिमालयन बैंक लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले मर्जर पछि बन्ने बैंकको प्रबन्धपत्र तथा नियमावलीको कुनै दफा/नियममा माथि उल्लेख गरिए बाहेक अन्य कुनै थप वा संशोधन गर्नु पर्ने भएमा सो मुताबिक गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने ।

१२. प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने थप/संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

ख. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

सभा सम्बन्धी सामान्य जानकारी

१) बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

२) हाल विश्वव्यापी महामारीको रुपमा कायम रहेको कोरोना भाइरस संक्रमणलाई ध्यानमा राखि भिडियो कन्फरेन्स (Virtual Zoom Meeting) मार्फत सभामा भाग लिनुहुन वा कम भीडभाड हुने गरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी प्रतिनिधि मार्फत सभामा भाग लिनुहुन तथा मतदान गरिदिनु हुन अनुरोध गर्दछौं । अनलाईन (भर्चुअल) माध्यमबाट सभामा उपस्थित भै आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनीमहानुभावहरुले सभा हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बिहान १० बजे देखि दिनको ४ बजे भित्र niblegm@nibl.com.np मा इमेल गरी वा ९८४३३४६९८५ मा फोन गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नुहुने शेयरधनीमहानुभावहरुलाई सभामा मन्तव्य राख्न तथा मतदान गर्न Meeting Id र Password उपलब्ध गराइनेछ ।

३) संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

६) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा दिनुपर्नेछ । नयां प्रतिनिधिको हकमा दफा ४ र ५ बमोजिम हुनेछ ।

७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

८) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफैं सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

९) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको दरबारमार्ग, काठमाण्डौंस्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

१०) आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाइनेछ । साथै विशेष साधारण सभा प्रयोजनको लागि मिति २०७८।०९।२५ गते १ दिनको लागि शेयर दाखिल खारेज दर्ता बन्द गरिने छ ।

११) सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गर्दछु । साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान १०:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहने तथा सभा शुरु हुनुभन्दा अगावै ZOOM खुल्ला गरिनेछ ।

द्रष्टव्य: बैंकको विशेष साधारण सभासँग सम्बन्धित सूचना सहितको छलफलको विषय सूची सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कुरियर मार्फत पठाउनुका साथै यस बैंकको वेबसाइट www.nibl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

केन्द्रिय कार्यालय, दरवारमार्ग काठमाण्डौं
फोन नं. : ४-२४२५३०, ४-२२८२२९
फ्याक्स : ४-२२६३४९
ई-मेल : info@nibl.com.np

नयाँ पत्रिका
२०७८/०९/१४